annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ४६, पृष्ठ ८ | काठमाडौं, सोमबार १ असार २०८३ | ज्येष्ठ कृष्णपक्ष औंसी, नेपाल संवत् ११४६ | MONDAY, JUNE 15, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# रास्वपामा मौलाउँदो गुटबन्दी

## बोलीमा नयाँ, व्यवहारमा पुरानै रोग

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को प्रादेशिक र जिल्ला अधिवेशन धमाधम भइरहेका छन्। पार्टीमा गुटबन्दी नरहेको शीर्ष नेतृत्वले दाबी गरिरहे पनि जिल्ला र प्रदेशका अधिवेशनमा भने स्पष्ट रूपमा गुटबन्दी र दुई प्यानल देखिएका छन्। संस्थापक सभापति रवि लामिछाने र वरिष्ठ नेता वालेन्द्र शाहको दुईवटा धार बनाएर नेतृत्व चयन भइरहेका छन्। अर्थात्, ०७९ असार ७ गते स्थापना भएको रास्वपामा 'फाउन्डर्स' र 'फलोअर्स' को रूपमा उम्मेदवार तथा कार्यकर्ता विभक्त छन्। यसले परम्परागत पार्टीहरू जस्तै रास्वपा पनि गुटबन्दी र पदको हानथापमा फस्न थालेको आभास दिन्छ।

**दिनेश गौतम** | *काठमाडौं*

विस्तृत पृष्ठ २




समाचार विश्लेषण

## रास्वपा पनि पुरानैको बाटोमा

**जे पाण्डे** | *नेपालगन्ज*

३७ वर्ष भयो, पञ्चायती व्यवस्था ढलेको । राजतन्त्र पतन भएको पनि २१ वर्ष भयो । यति लामो राजनीतिक विरासत बोकेको व्यवस्था, संस्था र त्यसका समर्थकहरू धराशायी भए भने अरू राजनीतिक पार्टीका नहोलान् भन्न सकिन्न। पछिल्लो समय नेका, एमाले र माओवादीको हविगत त ताजै छ । उदाएलगत्तै जिल्लादेखि प्रदेशस्तरका अधिवेशनमा होमिएको राष्ट्रिय स्वतन्त्र पार्टीले यो तथ्यलाई बुझ्न सकेन भने उसको भविष्य पनि लामो नहुन सक्छ । किनभने सरकार गठन भएदेखि हालसम्मको विश्लेषण गर्दा यो पार्टी पनि पुराना दल हिँडेकै पथमा हिँड्न खोजेको देखिन्छ ।

२०४८ सालपछिको मुलुकको संसदीय राजनीतिक यात्रालाई नियाल्दा राजनीतिमा देखिएको उतार-चढाव केवल निर्वाचन परिणामको परिवर्तन मात्र होइन, दलहरूको चरित्र, नेतृत्व, विचारधारा, राज्य संरचना र जनअपेक्षाबीचको द्वन्द्वको परिणाम पनि हो । जुन अहिलेको प्रमुख सत्तारूढ दल र सरकारले अपनाउन खोजेको पाइन्छ ।

» बाँकी पृष्ठ ६

बेइजिङ पुगे परराष्ट्रमन्त्री खनाल

## कूटनीति र लगानी आकर्षणमा जोड



**राधा खनाल** | *काठमाडौं*

परराष्ट्रमन्त्री शिशिर खनाल चारदिने औपचारिक भ्रमणका लागि चीनको राजधानी बेइजिङ पुगेका छन्। चिनियाँ विदेशमन्त्री वाङ यीको निमन्त्रणामा भएको भ्रमणलाई नेपाल-चीन सम्बन्ध सुदृढीकरण, आर्थिक कूटनीति विस्तार तथा लगानी प्रवर्द्धनका दृष्टिले महत्वपूर्ण मानिएको छ।

आइतबार अपराह्न बेइजिङ पुगेका मन्त्री खनाललाई विमानस्थलमा चीनका लागि नेपालका कार्यवाहक राजदूत रोशन खनाल तथा चिनियाँ विदेश मन्त्रालयका अधिकारीहरूले स्वागत गरेका थिए।

» बाँकी पृष्ठ ६

# कोशीमा कांग्रेस इतर पक्षको शक्ति प्रदर्शन

## 'पार्टी फुट्न दिन्नौं, तर निरंकुशता पनि सहन्नौं'

**किशोर बुढाथोकी** | *विराटनगर*

कांग्रेसमा बढ्दो आन्तरिक विवाद, क्रियाशील सदस्यता अध्यावधिक प्रक्रियामाथिको असन्तुष्टि र आगामी महाधिवेशनको तयारीका बीच संस्थापन इतर पक्षले विराटनगरमा छुट्टै भेला गरेको छ। इतर पक्षले 'कोशी प्रदेशस्तरीय बृहत् एकता भेला' नाम दिएर आयोजना गरेको भेलालाई पार्टीभित्रको शक्ति सन्तुलन र नेतृत्व संघर्षको स्पष्ट संकेतका रूपमा देखिएको छ। भेलामा सहभागी नेताहरूले एकातिर कांग्रेसलाई कुनै पनि हालतमा फुट्न नदिने प्रतिबद्धता जनाएका छन् भने अर्कोतर्फ पार्टी नेतृत्वको 'निरंकुश' शैली स्वीकार्य नहुने चेतावनी पनि दिएका छन्। नेताहरूको स्पष्ट सन्देश थियो, 'पार्टी फुट्न दिन्नौं, तर निरंकुशता पनि सहन्नौं।'

कोशी प्रदेशका १४ वटै जिल्लाबाट नेता, कार्यकर्ता र प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको भेलालाई कांग्रेसभित्रको आन्तरिक शक्ति प्रदर्शनका रूपमा समेत हेरिएको छ। पछिल्लो समय सभापति शेरबहादुर देउवा पक्ष र संस्थापन इतर समूहबीच बढ्दो दूरी तथा महाधिवेशनको तयारीलाई लिएर देखिएको मतभेदको पृष्ठभूमिमा आयोजित भेलालाई कांग्रेसको भावी राजनीतिक दिशासँग जोडिएको महत्वपूर्ण घटनाका रूपमा विश्लेषण गरिएको हो।




कांग्रेसको संस्थापन इतर पक्षले विराटनगरमा आयोजना गरेको छुट्टै भेला। ● किशोर बुढाथोकी

भेलालाई प्रमुख वक्ताका रूपमा सम्बोधन गर्दै वरिष्ठ नेता डा. शेखर कोइरालाले पार्टीभित्र देखिएको पछिल्लो अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गरे। उनले कांग्रेसलाई कुनै पनि हालतमा विभाजन हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै पार्टीभित्र निरंकुशताको संकेत देखिन थालेको आरोप लगाए। वडा सभापतिहरूलाई मौखिक रूपमा हटाउने कार्यलाई उनले निरंकुश प्रवृत्तिको सुरुआतको रूपमा चित्रण गरे।

उनले पूर्वसभापति शेरबहादुर देउवासँगको समन्वयमा वर्तमान सभापति गगन थापासँग भएको छलफलपछि तयार गरिएको पाँचबुँदे प्रस्ताव अझै कार्यान्वयनमा नआएको भन्दै असन्तुष्टि पनि जनाए। कांग्रेस कमजोर हुँदा राष्ट्रियता, लोकतन्त्र र लोकतान्त्रिक प्रणाली नै जोखिममा पर्ने भएकाले पार्टी एकताको विकल्प नरहेको कोइरालाको भनाइ थियो। नेता विजयकुमार गच्छदारले कांग्रेसको वर्तमान मनोविज्ञानमाथि प्रश्न उठाए। पञ्चायती व्यवस्था र दशक लामो माओवादी सशस्त्र द्वन्द्वको समयमा समेत नडराएको कांग्रेस अहिले कोसँग डराइरहेको छ भन्ने प्रश्न गर्दै उनले कार्यकर्तामा आत्मविश्वास र राजनीतिक साहसको खाँचो रहेको औंल्याए। विराटनगरको ऐतिहासिक राजनीतिक विरासत जोगाउन र संगठनलाई पुन: ऊर्जाशील बनाउन गच्छदारले आहान गरे।

» बाँकी पृष्ठ ६

